
# उपलब्धिपूर्ण एक वर्ष

**परिषद् सरकारको प्रथम**
**वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित**

सिक्किम सरकार

NIEPA DC
D00467

Sub. National Systems Unit,
National Institute of Educational
Planning and Aministration
17-B, Sri Aurbindo Marg, New Delhi-110016
DOC. No. D-467
Date 10/11/82



नाम्चीमा हालैमा निर्माण गरिएको जिल्ला प्रशासन केन्द्र

# भूमिका

परिषद सरकारले शासनको वागडोर आफ्ना हातमा लिएको १८ अक्टोवर, १९८०-का दिन एक वर्ष पुग्यो । राज्यमा सर्वांगीण प्रगति गर्ने औ जनताको जीवन-स्तरमा सुधार ल्याउने उद्देश्य भएको सरकारका निम्ति एक वर्षको समय धेरै होइन, तापनि राज्यलाई प्रगतिको पथमा अघि बढ़ाउनका निम्ति सरकारले जुन संकल्प गरेको छ औ त्यसका निम्ति यसले जुन परिश्रम गरेको छ त्यो राज्यमा जीवनका विभिन्न पक्षहरूमा प्राप्त भएका ठोस परिणामहरूमा प्रतिविम्वित भएको छ ।

नयाँ सरकारको प्रशासनका प्रथम १०० दिन औ २०० दिनभित्र प्राप्त भएका उपलब्धिहरूका विवरण भएका पुस्तिकाहरू प्रकाशित भइसकेका छन् । यस पुस्तिकाले सरकारले सत्तामा आएपछिएक वर्षभित्र प्राप्त गरेका उपलब्धि-हरूको संक्षिप्त विवरण दिने उद्देश्य राख्दछ ।

खुशीको कुरो हो, यस अवधिभित्र केन्द्रमा श्रीमती इन्दिरा गान्धीको अत्यन्त अनुभवी तथा प्रभावशाली नेतृत्वमा वलियो र दिगो सरकारले प्रशासनको वागडोर आफ्ना हातमा लियो । श्रीमती गान्धी सिक्किमका जनता र उनीहरूका समस्याहरूसँग पूर्ण रूपले परिचित हुनुहुन्छ, यो हाम्रो अहोभाग्य हो । राज्य सरकार-ले केन्द्र र राज्यका बीचको उत्तम सम्वन्धको वन्धनलाई बलियो पार्ने कोशिश गर्दै आएको छ । राज्यका नेताहरूले केन्द्रीय नेताहरूको व्यक्तिगत सम्पर्कमा आउने जुन सुअवसर पाएका छन् त्यसले गर्दा आपस्तको सद्भावना र मैत्रीलाई अझ बढ़ाएर लैजानमा सघाउ पुगेको छ ।

यस एक वर्षको अवधिमा विभिन्न नयाँ योजनाहरू शुरू गर्ने काम औ चलिरहेका योजनाहरूको कार्यान्वियन बाहेक, दूध उत्पादकहरूले दूधको उचित दाम पाउन सकून् औ ग्राहकहरूलाई उत्तम दूध उपलब्ध गराउन सकियोस् भन्ने उद्देश्यले दूधको संग्रह र विक्रीको कामलाई सुव्यवस्थित तुल्याउनका निम्ति सिक्किम दूध उत्पादक संघ गठन गरियो । यस अवधिमा राज्यमा शिक्षाको इतिहासमा पहिलो-चोटि १२-औं श्रेणीसम्म निःशुल्क शिक्षा प्रदान गर्ने निश्चय गरियो । कुनै दृष्टि-कोणबाट हेरे पनि यो कुनै सानो उपलब्धि होइन ।

उत्तम-पूर्वीय अञ्चलका केही राज्यहरूमा साम्प्रदायिक झगड़ा र दंगा-फसाद फैलिरहेका बेला यस राज्यमा साम्प्रदायिक मेल कायम रहेको छ । सरकार यो साम्प्रदायिक मेललाई कायम राख्न औ वढाउन चाहन्छ । सिक्किम विधान

सभामा स्थानहरूको आरक्षण सम्बन्धी सिद्धान्तका बारेमा विभिन्न जातिका मानिसहरूका मनमा जुन चिन्ता पैदा हुन गएको छ त्यसका बारेमा पनि सरकारले ध्यान दिएको छ। यो कुरा सिक्किमका संसद सदस्च श्री पहलमान सुब्बाले यही सालको शुरुमा लोक सभामा १९७९-को विधेयक संख्या ७९-का बारेमा बहस गर्नुहुँदै दिनुभएको बयानबाट स्पष्ट हुन्छ। श्री सुब्बाले, अरू कुराहरूमध्ये, यसो भन्नुभयो, "यसले गर्दाहुँदि सिक्किमको राजनैतिक बनौट असन्तुलित भएको छ अनि सिक्किममा जन्मेर बढ़ेका नेपालीहरूमाझ चिन्ता पैदा हुन गएको छ। भोटे/लाप्चेहरूका निम्ति १२ स्थान र संघका निम्ति एक स्थान औ अनुसूचित जातिहरूका निम्ति दुइ स्थान आरक्षित गरिएको कुरालाई म समर्थन गर्दछु, तर मेरो विचारमा सिक्किमे नेपालीहरूका निम्ति पनि थोरैमा १५ स्थान आरक्षित गरिनुपर्दछ।" तर केन्द्रीय कानून मन्त्रीले सो विधेयक पेश गर्नुहुँदै भन्नुभयो, "जुन सुझाउहरू दिइएका छन् तिनीहरूका बारेमा भविष्यमा हुने चुनाउहरूका निम्ति विचार गर्न सकिन्छ, तर चुनाउहरू भइसकेका हुँदा यो विधेयक जस्ताको तस्तै स्वीकार गरियोस् भनी म सदनमा पेश गर्दछु।"

नयाँ सरकार सत्तामा आएपछि सिक्किम विधान सभाको पहिलो बजेट अधिवेशन यही साल मार्च महीनमा सम्पन्न भयो। त्यस अधिवेशनमा सदनले १९८०-८१ सालका निम्ति २० करोड़ २४ लाख रुपियाँको योजना बजेट पारित गऱ्यो। यो पोहोर सालको बजेटमा राखिएको खर्चभन्दा २ करोड़ ४४ लाख रुपियाँ (१४ प्रतिशत) बढ़ता हो। सदनले लोक लेखा कमिटि समेत चारवटा समितिहरू गठन गऱ्यो। सदनले संविधान (चौवालीसौं संशोधन) विधेयकलाई अनुमोदन गऱ्यो औ गान्तोक नगर निगम (संशोधन) विधेयक संख्या ३, १९८० समेत धेरैवटा विधेयकहरू पारित गऱ्यो।

मुख्य मन्त्रीले अगस्त महीनामा प्रधान मन्त्रीको अध्यक्षतामा भएको राष्ट्रिय विकास परिषदको २-दिने बैठकमा भाग लिनुभयो। त्यस बैठकले छैटौं पाँच-वर्षे योजना (१९८०-८५)-को रूप-रेखाको मसौदालाई अनुमोदन गऱ्यो। सिक्किम विधान सभाको गृष्मकालीन अधिवेशन सेप्टेम्बर महीनामा सम्पन्न भयो। सदनले सिक्किम सार्वजनिक जग्गा (बिना अधिकार दखल गरिएको जग्गा उकास्ने) विधेयक संख्या ६, १९८० समेत चारवटा विधेयकहरू पारित गऱ्यो।

त्यस अधिवेशनमा एघार महीना पुगेको परिषद सरकारका विरूद्ध एउटा अविश्वास प्रस्ताव पेश गरियो। तर सत्ताधारी पार्टीले यो प्रस्तावलाई १० मतका विरूद्ध १६ मतले पराजित गऱ्यो। मतमा एकजना सदस्यले भाग लिएनन्। सत्ताधारी पार्टीको यस विजयले यो पार्टी लोकप्रिय छ भन्ने कुरा प्रमाणित गर्दछ।

# कृषि विभाग

देशका अरू भागमा झैं सिक्किममा पनि ८५ प्रतिशत जनता गाउँ-बस्तीम्मा वस्छन्, जसमध्ये धेर जसो खेतीपाती गर्छन्। यसकारण राज्यको समृद्धि ग्राम विकासमा आधारित अर्थ-व्यवस्थामा निर्भर गर्दछ। यसै कारण सरकारले सिक्किममा कृषक संरक्षण (अस्थायी प्रावधान) संशोधन ऐन, १९७९-को प्रावधानको म्याद २ वर्षदेखि ४ वर्ष वनाएर खेतीवालहरूलाई सहायता प्रदान गर्ने उद्देश्यले सवभन्दा पहिले त्यस ऐनलाई संशोधन ग-चो।

त्यस बाहेक सरकारले धेरैवटा नयाँ योजनाहरूलाई स्वीकृति दिएको छ। ती योजनाहरूमा, अरू कुरामध्ये, सुन्तलाको खेती, धेरै उब्जनी दिने किसिमका विउहरू तथा खेतीका निम्ति चाहिने अरू कुराहरु, जस्तै फर्टिलाइजर इत्यादिको व्यवस्था, बेच-विखनको सुधार, अौ अलैंची सम्वन्धी अनुसन्धान छन्। सरकारले उत्तर र पूर्व जिल्लाहरूका तालीम सम्वन्धी आवश्यकता पूरा गर्नका निम्ति अौ पश्चिम जिल्लामा हालमा चलिरहेको कृषक तालीम केन्द्र चाहिँ दक्षिण र पश्चिम जिल्लाका खाँचो पूरा गर्नका निम्ति उपलब्ध होस् भन्ने उद्देश्यले पूर्व जिल्लामा पनि एउटा कृषक तालीम केन्द्र स्थापित गर्ने विचार गरेको छ। बेच-विखनको व्यवस्था नहुनाले खेतीवालहरूले दुःख भोग्नु नपरोस् भनी उत्पादन र बेच-विखनको उचित व्यवस्था नगरिन्जेलसम्म गाउँ-बस्तीका जनताको आर्थिक अवस्थामा कुनै प्रकारको सुधार ल्याउन सकिँदैन। यसकारण सरकारले "बेच-विखन समाचार" नामक एउटा नयाँ योजना शुरू गर्ने विचार गरेको छ। छैटौं योजनामा गेजिङ आञ्चलिक केन्द्रको अधीनमा ह्री-गाउँ (पश्चिम जिल्ला)-मा एउटा आञ्चलिक उप-केन्द्र अौ पाक्योङ आञ्चलिक केन्द्रको अधीनमा छुजाचेन (पूर्व जिल्ला)-मा एउटा आञ्चलिक उप-केन्द्र स्थापित गरिनेछ।

सरकारले विभागलाई निम्नलिखित खर्च गर्ने अधिकार पनि दिएको छ:

(१) बिरूवा बारीहरूको हेरचाह र बिरूवाहरूको प्रचारका निम्ति ४ लाख ४५ हजार रुपियाँ।

(२) कफीको खेतीका निम्ति रू० २,३८,२००।–

(३) रु० १४,९७,०००।–को खर्चमा १०४० टन फर्टिलाइजरको खरीद।

विभागले कम मूल्यमा अर्थात बिरूवाहरू लैजानमा लाग्ने खर्चमा १००प्रतिशत आर्थिक सहायता अौ फर्टिलाइजर जुन ठाउँबाट ल्याइन्छ त्यहाँ फर्टिलाइजरको दाम जति पर्दछ त्यसमा २५ प्रतिशत आर्थिक सहायता घटाएर तोकिएको दरमा फर्टिलाइजर विभिन्न ग्राम सेवा केन्द्रहरूमा विक्री गर्ने प्रवन्ध गर्नेछ।



पश्चिम सिक्किममा गहुँको असाध्य धेरै उब्जनी भयो । चित्रमा कृषि मन्त्री र मन्त्री-मण्डलका अन्य मन्त्रीवर्ग पनि देखिनुभएको छ ।

(४) रू० ६,३६,०००।–को खर्चमा चारै जिल्लामा भी० एल० डब्ल्यू० क्वार्टर-हरूको निर्माण ।

(५) यो वर्ष कृषि योजना बजेटमा रू० २१४ लाख राखिएको छ। यो पोहोर सालको योजना बजेटमा राखिएको खर्चभन्दा रू० ३४ लाख (१९ प्रतिशत) बढ़ता हो ।

(६) १९७८-७९-सालमा शुरू गरिएको सुन्तला खेती कार्यक्रमलाई जारी राख्नका निम्ति रू० २,०६,६००।– ।



दक्षिण सिक्किममा फलेका मूलाको नमूना



एकजना दूधवालाले विहान दुहेको दूध एउटा दूध संग्रह केन्द्रमा दिइरहेका छन् ।

# पशुपालन विभाग

नयाँ सरकार सत्तामा आएपछि यसले राज्यमा पशुपालनको विकासका निम्ति धेरैवटा काम गरेको छ ।

राज्यमा गाई-वस्तु पालनको शिक्षा प्रदान गर्ने उद्देश्यले पशु शिक्षा केन्द्र भवनको निर्माणका निम्ति स्वीकृति दिइएको छ ।

साधारणतया गाई-वस्तु पाल्ने मानिसहरूको सुविधाका निम्ति, औ विशेष गरी दूध उत्पादकहरूको सुविधाका लागि अरू तीनवटा पशु-चिकित्सालयहरू अर्थात थाङबोङ, सुम्बुक र रूम्तेकमा एक-एकवटा पशु-चिकित्सालय स्थापित गरिएका छन् ।

विभागले इण्डियन डेरी डिप्लोमा कोर्सको अध्ययनका निम्ति दुइ-जना उम्मेदवारहरूलाई आनन्द र बंग्लोरमा पठाएको छ । सिक्किमेहरूले नै डेरीहरूको जिम्मा लिएर सञ्चालन गर्न सकून् भन्ने उद्देश्यले यसरी तालीम दिन शुरू गरिएको हो। खेतीवालहरूलाई गाई-वस्तु पालेर दूध, घिउ इत्यादि उत्पादन गरी जीवन निर्वाह गर्नमा प्रोत्सहन दिन औ त्यस विषयमा शिक्षा प्रदान गर्नका निम्ति गाउँ-बस्तीमा फिल्महरू पनि देखाइन्छन् । दूध उत्पादकहरूलाई सहायता दिन औ ग्राहकहरूलाई दूध वितरण गर्ने कामलाई सुव्यवस्थित तुल्याउनका निम्ति १४ अप्रेल, १९८०-का दिन सिक्किम दूध उत्पादक संघ स्थापित गरियो । यो संघ राज्यमा यस प्रकारको पहिलो संस्था हो ।

संघका सदस्यहरू औ सरकारी पदाधिकारीहरू छानेर यसको एउटा निदेशकमण्डल गठन गरिएको छ। यस निदेशकमण्डलले १ जुलाई, १९८०-देखि दूध वितरण सम्बन्धी कामको जिम्मा सिक्किम पशुधन विकास निगमबाट आफ्नो हातमा लियो । "अपरेशन फ्लड २" अन्तर्गत डेरी विकासका निम्ति सिक्किमले राष्ट्रिय डेरी विकास बोर्डबाट १ करोड़ रूपियाँ पाउनेछ । दूध ल्याउन-लैजान, जी० आई० सीट, फर्निचर इत्यादिमा लाग्ने खर्च बेहोर्नका निम्ति सरकारले दूध उत्पादक संघलाई रू० २,७४,३२०।–को आर्थिक सहायता दिएको छ ।

सिक्किमका गाई-वस्तुहरूका रोगहरूको स्रोत पत्तो लगाउनका निम्ति अध्ययन गरिँदैछ औ खुट्टा र मुखका रोगहरू तथा कलेजाको "फ्लुक" भनिने रोगको रोकथाम गरिएको छ ।

राज्यमा हुने मुख्य-मुख्य पशुधन उत्पादनहरूको अनुमान लाउन औ तिनीहरूको वास्तविक स्थिति बुझ्नका निम्ति विभागको अनुसन्धान तथा संख्या-विज्ञान शाखाले नमूनात्मक सर्वेक्षणको काम थालेको छ ।


अखिल भारतीय भेड़ापालन समन्वित अनुसन्धान परियोजना अन्तर्गत भारतीय कृषि अनुसन्धान परिषदले सिक्किममा भेड़ा पालनका बारेमा औ भेड़ाहरू किन मर्दा रहेछन् त्यसका कारणहरूका बारेमा अनुसन्धान गरिरहेको छ।

सिक्किममा गाई-गोरूहरूको जातमा सुधार ल्याउनका निम्ति १२-वटा विदेशी गोरूहरू टाढ़ा-टाढ़ाका गाउँ-वस्तीमा वितरण गरिएका छन् । अरू तीनवटा कृत्रिम प्रजनन केन्द्रहरू स्थापित भएका छन् अौ विभिन्न जातका गाई-गोरू पाल्नका निम्ति पाङ्थाङ्मा एउटा फार्म स्थापित गरिएको छ । दुहुना गाईहरू मर्नाले खेतीवालहरूले नोक्सानी खप्न नपरोस् भनी अरू पशु बीमा पोलिसी अनुमोदित गरिएको छ ।

घाँसका विरूवाहरू लगाउने र वितरण गर्ने कामलाई पनि बढ़ाइएको छ । बाह्रै मास उम्रने घाँसका २०,००० कटिंगहरू अौ नेभारो र दुदिलोका ५०० विरूवाहरू लगाइएका छन् । यस वर्ष घाँसका ४०,००० कटिंगहरू खेतीवालहरूलाई वितरण गरियो ।

देन्ताममा १५० भेड़ाहरूको बथान पालिएको छ अौ खेतीवालहरूले आफ्ना भेड़ा-बथान बढ़ाउन सकून् भनी २१-वटा खसी भेड़ाहरू वितरण गरिएका छन् । पश्मिना बाख्रापालन कार्यक्रम अन्तर्गत, पश्मिना बाख्रा पाल्ने तरीका र धागोको उपयोगको अध्ययनका निम्ति उत्तर जिल्लाबाट एकजना अधिकारी, एकजना सुपरभाइजर र ६-जना खेतीवालहरूलाई लद्दाखमा पठाइएको छ ।

विभागले गान्तोकस्थित फार्ममा २००-वटा भुनी सुंगूरहरू पालेको छ अौ गेजिङ्को सुंगूरपालन फार्ममा भुनी सुंगूरहरूको संख्या ५० पु-याएको छ। राबांगलामा ३०-वटा सुंगूर पाल्नका निम्ति एउटा नयाँ फार्म निर्माण गरिँदैछ ।



तादुङ्मा राष्ट्रिय डेरी विकास बोर्डको "अपरेशन फ्लड दोस्रो चरण" अन्तर्गत नयाँ डेरी भवनको निर्माण भइरहेको छ ।

# शिक्षा विभाग

सिक्किमको शिक्षाको इतिहासमा पहिलोचोटि परिषद सरकारले स्कूलीय शिक्षाको अन्तिम चरणसम्म जम्मै छात्रहरूलाई निःशुल्क शिक्षा प्रदान गरेको छ। बाह्रौं श्रेणीसम्मका जम्मै छात्रहरूलाई पाठ्य-पुस्तकहरू आधा दाममा दिइन्छन्। अघि यस्ता सुविधा ८-औं श्रेणीसम्म मात्र दिइन्थे। शिक्षामा सुधार ल्याउने काममा शिक्षकहरूले जुन सहयोग दिन्छन् त्यसलाई मान्यता दिनका निम्ति १०-देखि २५ वर्षसम्म लगातार सेवा गर्ने शिक्षकहरूलाई शिक्षक दिवस (५-९-१९८०)-देखि दुइदेखि पाँचसम्म अग्रिम वृद्धि दिन स्वीकृति दिइएको छ। शिक्षकहरूको शैक्षिक योग्यता अनुसार अग्रिम वृद्धि दिने अनुमति पनि दिइएको छ। छात्रहरू औ शिक्षकहरूलाई दिइने यस्ता लाभहरूले गर्दाहुँदि सरकारले वर्षेनी अन्दाजी २ लाख देखि ५ लाख रुपियाँसम्म फाल्टो खर्च बेहोर्नुपर्नेछ। हाई स्कूल स्तरसम्मका जम्मै स्कूलहरु औ जिल्ला शिक्षा अधिकारीहरूका कार्यालयहरूको नियमित रूपले देख-रेख तथा निरीक्षण गर्न सकियोस् भनी दुइजना आञ्चलिक उप-निदेशकहरू नियुक्त गरिएका छन्।

गान्तोकमा, वर्तमान शैक्षिक सत्रमा एउटा रात्रि कानून कलेज स्थापित गरिएको छ औ सरकारी डिग्री कलेज भवनको निर्माण र त्यसका निम्ति जग्गा छान्ने कामको प्रस्तावलाई अन्तिम रूप दिइएको छ।

आठौं श्रेणीसम्म तीनवटा भाषा सिकाउने एकनासे नीति अप्नाइएको छ औ लाप्चे र लिम्बु भाषाहरू ८-औं श्रेणीसम्म पढ़ाइन्छन्। यी भाषाहरू ९-औं र १०-औं श्रेणीसम्म पढ़ाउने प्रस्ताव छ।

शिक्षाका विभिन्न स्तरमा भर्ना हुने केटाकेटीहरूको संख्या पनि धेरै बढ़ेर गएको छ। १९७९ र १९८० सालका तुलनात्मक संख्या तल दिइएका छन्।

| | १९७९ | १९८० |
|---|---|---|
| प्रि-प्राइमरी स्तर | २५५० | ३०५० |
| प्राथमिक स्तर : १-देखि ५-औं श्रेणीसम्म | ३९६८४ | ४२५०९ |
| मिडल स्तर : छैटौंदेखि ८-औं श्रेणीसम्म | ६४०९ | ७८१८ |
| हाई स्कूल स्तर : ९-औं र १०-औं श्रेणी | १४०६ | १५८३ |
| हायर सेकण्डरी : ११-औं र १२-औं श्रेणी | ३८३ | ६९६ |

थप शिक्षकहरूको नियुक्ति

| | | |
|---|---|---|
| स्कूल मदरहरू | ... | १५ |
| प्राथमिक शिक्षकहरू | ... | ७६ |
| विज्ञान स्नातकहरू | ... | ८७ |
| कला स्नातकहरु | ... | ६३ |
| स्नाकोत्तर | ... | ५ |

+२ स्तरमा थप पाठ्यक्रम

पेलिङ र नाम्ची हायर सेकण्डरी स्कूलहरूमा वाणिज्य पाठ्यक्रम औ इन्चे हायर सेकण्डरी स्कूलमा वाणिज्य र विज्ञान पाठ्यक्रम शुरू गरिएका छन् ।

राज्यमा शिक्षाको दीर्घकालीन प्रगतिलाई ध्यानमा राखेर छैटौं योजनाका बाँकी रहेका वर्षहरूमा शैक्षिक योजना तयार गर्ने काममा पनि ध्यान दिइएको छ ।

राज्यमा शिक्षामा रहेका त्रुटिहरूका कारणहरू पहिलोचोटि पत्तो लगाइएका छन्, औ शिक्षामा सुधार ल्याउनका निम्ति निम्नलिखित उपायहरू आवश्यक ठहरिएका छन् ।

(क) हालका ४०० स्कूलहरू जम्मैलाई, अनि विशेष गरी ३२० प्राथमिक विभागहरूलाई बलियो पार्नु औ सुधार्नु;

(ख) केटाकेटीहरूको संख्यालाई ध्यानमा राखेर स्कूलहरूलाई बढ़ाउने काममा कड़ा नियन्त्रण राख्नु;

(ग) सबै स्तरमा शिक्षकहरूको तालीम औ असल शिक्षकहरूको नियुक्ति;

(घ) नयाँ पाठ्य-तालिका बनाउनु औ परीक्षामा सुधार ल्याउनु तथा

(ङ) प्रशासकीय औ निरीक्षण कार्यमा दृढ़तापूर्वक सुधार ल्याउनु । यसका निम्ति १९८१-१९८५-को योजनामा ९ करोड़ रुपियाँ

खर्च राखिने भएको छ। १९८०-८१-मा यसका निम्ति १ करोड़ रुपियाँ राखिएको छ।

खेलकूद समय तालिका :

विभिन्न खेलकूद प्रतियोगिताहरूलाई नियमित पार्नका निम्ति राज्यमा पहिलोचोटि एउटा खलकूद समय तालिका तयार गरिएको छ।

सिक्किमका स्कूलहरूले गौहट्टी र दिल्लीमा भएका राष्ट्रिय स्कूल खेलकूदमा पहिलोचोटि भाग लिए। राज्यमा निम्नलिखित खेलकूदहरू पहिलो-पल्ट आयोजित भए :


(१) अन्तर-हाई स्कूल खेलकूद प्रतियोगिता;
(२) खुल्ला राज्य खेलकूद प्रतियोगिता;
(३) खुल्ला राज्य भलीभल प्रतियोगिता;
(४) अन्तर-हाई स्कूल तथा हायर सेकण्डरी स्कूल भलीभल प्रतियोगिता;
(५) अन्तर-हाई स्कूल तथा हायर सेकण्डरी स्कूल फूटबल प्रतियोगिता तथा
(६) स्कूल कम्प्लेक्स, जिल्ला र राज्य स्तरमा ससाना केटाकेटीहरूको फूटबल प्रतियोगिता।

# उद्योग विभाग

उद्योग विभाग राज्य सरकारको विकास कार्यक्रमको एउटा मुख्य अंग हो । यसको कारण खोज्न टाढ़ा जानुपर्दैन । खेती योग्य भूमि सीमित हुनाले संख्या बढ्दै गइरहेका जनता जीविकाका निम्ति खेतीमा मात्र निर्भर रहन सक्तैनन् ।

नयाँ सरकार सत्तामा आएपछि ४६-वटा नयाँ उद्योगहरू पञ्जीकृत भएका छन् । ती उद्योगहरूले गत्ताका बाकस र कागजका चीजबीज उत्पादन गर्छन्, धान निफन्ने र पिँध्ने कारखानाको काम, गलैंचा बुन्ने र छालाको काम गर्छन् ।

सिक्किम औद्योगिक विकास तथा विनियोजन निगमले होटल उद्योग समेत विभिन्न उद्योगहरूलाई जम्मा १३.५ लाख रुपियाँ ऋण दिएको छ । निगमले उद्योगहरूलाई दुर्लभ सामग्री जस्तै, मोमवत्ती तयार गर्नमा प्रयोग गरिने पदार्थ, माचिसको उत्पादनका निम्ति उपयोग गरिने मोम, भेड़ा-बाख्राको बोसो, ऊनी धागो र सिमेन्ट पनि उपलब्ध गराएको छ ।



माझीटारमा हालैमा निर्मित कारखानामा बनिएका कंक्रिट ह्यूम पाइपहरू निकाल्ने काम भइरहेको छ ।

रम्फूको औद्योगिक प्रशिक्षण संस्थान्मा तालीमका सुविधाहरूमा सुधार ल्याउनका निम्ति कारवाइ गरिएको छ। त्यहाँ स्थानीय युवाहरूले विभिन्न व्यवसायमा तालीम लिइरहेका छन्। पहिलेको सरकारले स्वीकृति दिएको छात्रावास निर्माण कार्य पूरा हुन लागेको छ।

रम्फुमा प्रशिक्षण संस्थान्का निम्ति ७ लाख ५० हजार रुपियाँ खर्च लाग्ने एउटा कार्यशाला स्वीकृत भएको छ औ यसको निर्माण कार्य शुरू भइसकेको छ। जुलाई ३१, १९८०-का दिन संस्थान्मा ६९-जना युवाहरूले तालीम पूरा गरे। दुइजना स्थानीय शिक्षकहरूलाई तालीमका निम्ति कानपुर औ कलकत्ता-स्थित केन्द्रीय शिक्षक संस्थानमा पठाइएको छ।

सरकारले चालू वित्तीय वर्ष तादुङको आँटा कारखानाका निम्ति ६ लाख रुपियाँ मञ्जूर गरेको छ। यस कारखानाले उत्पादन कार्य शुरू गरिसकेको छ।


सिंगतामको सरकारी फल संरक्षण कारखानाको विस्तार कार्यक्रम पूरा गर्नका निम्ति सरकारले चालू वित्तीय वर्ष ७ लाख रुपियाँ मञ्जूर गरी सो रुपियाँ दिएको छ।

जोरथाङमा जिल्ला औद्योगिक केन्द्र भवनको निर्माण धमाधम भइरहेको छ औ यो केन्द्र केही महीनाभित्रमा तयार हुने सम्भावना छ।

सरकारले विभिन्न ठाउँहरूमा पालैसँग व्यवसायिक तालीम शिविरहरूको आयोजना गर्ने कार्यक्रम पनि शुरू गरेको छ। पहिलो कार्यक्रम कटाइ र सिलाइको तालीमका निम्ति तीन महीनाको शिविर नाम्चीमा राखिएको थियो, जो अप्रेल १५ तारीख समाप्त भयो।

दोस्रो शिविर पश्चिम सिक्किम पेलिंगमा शुरू गरी अगस्ट महीनामा पूरा गरियो। जनताले लिएको उत्साहवर्धक चासोवाट प्रोत्साहन पाएर त्यसपछि पेलिंगमा फेरि अर्को शिविर राखियो। मंगनमा पनि यस्तै एउटा कार्यक्रम शुरू गरिएको छ। यो कार्यक्रम पहिले मंगनमा शुरू गरिएको अनि हालमा जोंगूमा चलिरहेको बेत र बाँसको कामको तालीम बाहेक एउटा थप कार्यक्रम हो।

सरकारले नाम्चीमा एउटा हाते-तान केन्द्र स्थापित गर्ने योजनालाई पनि स्वीकृति दिएको छ।




तादुङस्थित आँटा कारखानाको एक दृश्य ।

## घरेलु उद्योग

सरकारले घरेलु उद्योगहरूलाई पनि निकै महत्व दिँदैछ । यस वर्ष सरकारी घरेलु उद्योग संस्थानमा तालीम लिनेहरूको संख्या २८१ पुगेको छ । १९७९-८० सालमा २५०-जनाले तालीम लिएका थिए ।

यस वर्ष फरवरी महीनादेखि चुंगथाङ्का जनताले त्यहाँका युवाहरूलाई गलैंचा, टुइड र कम्बल बुन्ने कामको तालीम दिइयोस् भनी मांग गरेका हुँदा त्यहाँ एउटा शाखा प्रशिक्षण संस्थान खोलिएको छ । लाचुंगको वर्तमान शाखा प्रशिक्षण संस्थान भवनलाई बढाउने काम पनि थालिएको छ । तालीमेहरूको संख्या बढ्दै गइ-रहेको हुनाले संस्थानमा एउटा शो-रूम तथा क्लास-रूम श्रौ एउटा कार्यशालाको नि-र्माण गर्ने स्वीकृति पनि दिइएको छ । सिक्किमे हस्तशिल्पका वस्तुहरूलाई लोकप्रिय तुल्याउनका निम्ति नयाँ दिल्ली (बाह्रखम्बा रोड) र गान्तोक बजारको पर्यटन सूचना कार्यालयको भूइँतलामा एक-एकवटा बिक्री पसलहरू खोलिएका छन् ।



लाचुङ गलैंचा बुनाइ केन्द्रमा झार-पातहरूबाट रंग तयार गर्ने काम भइरहेको छ ।

# सिक्किम लोक निर्माण विभाग

सरकारले सिक्किम लोक निर्माण विभागलाई दुइ भिन्दाभिन्दै विभागमा विभक्त गरेर प्रत्येकलाई एकजना मुख्य इञ्जिनियरको अधीनमा राखिदिएको छ। तीमध्ये एउटा विभागले सड़कहरूको निर्माण, मरमत इत्यादिको काम हेर्दछ अौ अर्कोले जन-स्वास्थ्य सम्बन्धी काम हेर्दछ।

सड़क

सरकारले कुना-काप्चाका ठाउँहरूमा आउजाउको सुविधा होस् अौ ग्रामीण क्षेत्रहरूको विकासमा सघाउ पुगोस् भनी धेरैवटा सड़कहरूको निर्माण कार्यलाई स्वीकृति दिएको छ। स्वीकृति दिइएका केही सड़कहरू यी हुन् :

१. रु० १७.५३ लाखको खर्चमा एस० बी० एस० रोडदेखि टिङभोङ गाउँसम्म सड़कको निर्माण।
२. रु० १४.२७ लाखको खर्चमा रानीपूलदेखि लिंग्जेसम्म सड़कको निर्माण।
३. रु० २३.७२ लाखको खर्चमा पाङथाङ लिंग्दोक सड़कको निर्माण।

यी नयाँ सड़कहरूको निर्माण भएपछि उत्तर जिल्ला र पूर्व जिल्लाका टाढ़ा-टाढ़ाका ठाउँहरूमा पुग्न सकिनेछ अौ यी सड़कहरूवाट आउ-जाउ गर्ने धेरै मानिसहरूको सामाजिक-आर्थिक उत्थानमा सघाउ पुग्नेछ।

सरकारले टाढ़ा-टाढ़ाका क्षेत्रहरूको सर्वेक्षण अनुसन्धान अौ परियोजनाका निम्ति प्रारम्भिक खर्चको स्वीकृति दिएको छ अौ कुना-काप्चाका विस्तृत क्षेत्रहरू जस्तै, करछी, माङनाङ, नरखोला, धुपीडाँड़ा तथा ब्रोङ हुँदै टाशीडिङदेखि रालाङसम्म सड़क निर्माण कार्यलाई उच्च प्राथमिकता दिएको छ। यो सड़क निर्माण भएपछि टाढ़ा-टाढ़ाका क्षेत्रहरूमा वसोवासो गरिरहेका ती मानिसहरूको धेरै अघिदेखिको खाँचो पूरा हुनेछ, जो बाटा-घाटाको अभावले गर्दा राजधानीमा आउजाउ गर्न सक्तैनन्।

सरकारले दराप-नाम्बु सड़कको सर्वेक्षण अनुसन्धान गर्न अौ परियोजना तयार पार्नका निम्ति पनि प्रारम्भिक खर्चको स्वीकृति दिएको छ। यो सड़क तयार भएपछि ग्रामीण क्षेत्रको अर्को भागमा पुग्ने बाटो खोलिनेछ अौ गाउँ-बस्तीका मानिसहरूलाई फायदा हुनेछ। पश्चिममा रेशीदेखि रिन्चेन्पोङसम्मको अौ दक्षिण जिल्लमा लिङमोदेखि मोक्पे, मानपुरदेखि सुम्बुक अौ नाम्चीदेखि सदामसम्मका सड़कहरूको निर्माणमा निकै प्रगति भएको छ। यी सड़कहरू वनिसकिएपछि ती इलाकाहरूका मानिसहरूलाई धेरै फायदा हुनेछ।

धेरैवटा पूलहरूको निर्माणका निम्ति स्वीकृति दिइएको छ श्रौ ती पूलहरू श्रहिले निर्माणका विभिन्न चरणमा छन् । तीमध्ये केही पूलहरू यी हुन् :

१. मल्ली - तुरूक रोडमा ही पूल र मार्तामे खोलाको पूल ।
२. जोरथाङ र नयाँ वजारका बीचमा श्रकर पूल ।
३. मल्ली - फोङ रोडमा खानि खोला र काली खोलाका पूलहरू ।
४. माचोङ - रंगेली रोडमा छुचेनछुको पूल ।
५. लिङ्मो - सोक्पे रोडमा काउ खोलाको पूल ।
६. रंगेली-रोलेप रोडमा जोरखोलाको पूल ।
७. एस० बी० एस० रोडमा कोलेपछुको पूल ।
८. मामरिङ झोलुंगे पूलको सुधार ।

हालका सड़कहरूमा श्राउजाउको सुविधाका निम्ति कम लमाइका धेरैवटा पूलहरू श्रौ कलभर्टहरूको निर्माणको स्वीकृति दिइएको छ श्रौ ती पूल र सड़कहरूको निर्माण भइरहेको छ । सरकारले हालका सड़कहरूमा रक्षात्मक कार्य गरेर श्रौ सुधार ल्याएर ती सड़कहरूलाई वलियो वनाउनुपर्ने कुरोमा पनि जोर दिएको छ । श्रभाग्यवश, हालैको वर्खामासमा दक्षिण र पश्चिमका सड़कहरू-लाई निकै हानि हुन गएको छ। त्यसको श्रसर परेका क्षेत्रहरूमा श्रावश्यक वस्तुहरू नियमित रूपले पुरयाउन सकियोस् भनी सरकारले धेरै खर्च गरी भत्केका सड़कहरूको मरम्मत झट्टै गर्नका निम्ति श्रावश्यक कारवाइ गरेको छ । लोक निर्माण विभागलाई वलियो पारिएको छ श्रौ यो राज्यमा सञ्चार-को विकासमा श्रझ प्रगति गर्न तयार छ ।

# सिक्किम लोक निर्माण विभाग (२)

## जन स्वास्थ्य

अघि गान्तोकमा मात्र पूर्ण रूपले प्रशोधित पानीको वितरण गरिन्थ्यो। राष्ट्र संघले १९८१-१९९० साललाई सफाइ तथा जल वितरण दशक घोषित गरेको छ। सबै वर्गका जनतालाई पूर्ण रूपले प्रशोधित पानी र सफाइका सुविधा दिने उद्देश्यले सहर र गाउँ-वस्तीका हाट-बजारहरूका निम्ति २५ करोड़ ५२ लाख रुपियाँ खर्च लाग्ने एउटा योजना तयार गरिएको छ।

## ग्रामीण जल वितरण

पहिले नै स्वीकृति दिइसकिएको सिंगताम जल वितरण योजनाको पहिलो चरण पूरा हुन लागेको छ। सात लाख ५७ हजार रूपियाँको खर्चमा सिंगताम जल वितरणको फिल्टर संयन्त्रको निर्माण कार्य शुरू गरिएको छ औ यन्त्रादिको सप्लाईका निम्ति अर्डर दिइसकिएको छ। उत्तर सिक्किममा पेन्लोङ बजार र दक्षिण सिक्किममा माझीटार बजारका निम्ति एक-एकवटा नयाँ जल वितरण योजना मञ्जूर गरिएको छ।

## गान्तोक जल वितरण योजना

१९९०-सालको अनुमानित जनताका निम्ति पानीको वितरण बढ़ाउनलाई एउटा शुरू योजना तयार गरिएको छ औ १६० लाख ८२ हजार रुपियाँ खर्च लाग्ने यसको पहिलो चरणको कामका निम्ति भारत सरकारको निर्माण तथा आवास मन्त्रालयको केन्द्रीय जन स्वास्थ्य तथा पर्यावरण इञ्जियारिंग संस्थाले स्वीकृति दिएको छ। यस योजनामा पानीका स्रोतहरू औ प्रशोधन एककहरूको काम गरिने-छ। यो कामका साथसाथै कम्प्यूटरको सहायताद्वारा वितरण प्रणालीको ढाँचा पूर्ण रूपले तयार गर्नका निम्ति सर्वेक्षण र निरीक्षणको काम शुरू गरिनेछ। त्यसको परिणामको आधारमा वितरणको दोस्रो चरणको काम थालिनेछ। थप योजनामा ४ करोड़देखि ५ करोड़ रुपियाँ खर्च लाग्ने अनुमान छ। पहिलो चरणको काम शुरू भइसकेको छ औ यसका निम्ति ६६ लाख ९९ हजार रुपियाँ मञ्जूर गरिएको छ।

## फोहोर पानी बगाउने प्रणाली

विभागले गान्तोकमा फोहोर पानी बगाउने ९० प्रतिशत नालीहरू-र ट्रंक नालीहरूको निर्माण कार्य पूरा गरिसकेको छ। गान्तोकमा एउटा मलमूत्र

शोधन संयन्त्रको पहिलो चरणको निर्माणका निम्ति पनि स्वीकृति दिइएको छ। यसका निम्ति राजस्व विभागलाई जग्गा लिन अनुरोध गरिएको छ।

## आवास

स्यारीमा विभिन्न वर्गका सरकारी कर्मचारीहरूका निम्ति क्वार्टरहरू निर्माण गर्ने अनुमति पहिले नै दिइसकिएको छ औ ती क्वार्टरहरू अहिले निर्माणका विभिन्न चरणमा छन्। ती क्वार्टरहरूमा दोस्रो वर्गका २४ यूनिट, तेस्रो वर्गका १८ यूनिट औ चौथो वर्गका ३६ यूनिट छन्। तेस्रो वर्गका अरू ४८ यूनिट औ पहिलो वर्गका ६ यूनिट क्वार्टरहरूको निर्माणका निम्ति पनि स्वीकृति दिइएको छ।

गेजिङमा ५७ लाख रुपयाँको खर्चमा तेस्रो वर्गका ६ यूनिट औ चौथो वर्गका १२ यूनिट क्वार्टरहरूको निर्माणका निम्ति स्वीकृति दिइएको छ। त्यस वाहेक जोरथाङमा ५२ लाख रुपियाँको खर्चमा तेस्रो वर्गका ६ यूनिट औ चौथो यूनिटका १२ यूनिट क्वार्टरहरू निर्माण गर्ने अनुमति दिइएको।

## सचिवालय भवन

सचिवालयमा २८ लाख रुपियाँको खर्चमा एउटा क्यान्टीनको निर्माण औ नयाँ सचिवालय भवनका निम्ति ४ लाख रुपियाँको खर्चमा त्यस भवनलाई आगोवाट सुरक्षित तुल्याउने योजनालाई स्वीकृति दिइयो औ यिनीहरूको निर्माण कार्य पूरा भइसकेको छ।

## जिल्ला सचिवालयहरु

राब्देन्चीमा १८ लाख रुपियाँको खर्चमा शुरू गरिएको जिल्ला कार्यालय भवनको ६० प्रतिशत निर्माण कार्य सिद्धिएको छ औ मंगनमा जिल्ला प्रशासन केन्द्रको निर्माणका निम्ति जग्गा छान्ने काम पनि पूरा भएको छ।


कलुकमा सव-डिभिजन अफिस, गोदाम र गराज औ जोरथाङमा मोटर भिहिकल र आवकारी विभागका निम्ति कार्यालय भवनको निर्माण कार्य शुरू भयो औ अहिले धमाधम चलिरहेको छ।

गान्तोकमा १ करोड़ ५८ लाख ७० हजार रुपियाँको खर्चमा निर्माण भइरहेको एम० एल० ए० होस्टेल भवन पनि तयार हुन लागेको छ।

# पर्यटन विभाग

सरकारले पर्यटन उद्योगको उन्नतिका निम्ति चालेको एउटा महत्वपूर्ण पाइलो हो सिलगढ़ीमा पर्यटन विभागको एउटा शाखाको स्थापना। यो शाखा एकजना उप-निदेशकको अधीनमा राखिएको छ औ तिनलाई सिक्किममा आउन चाहने पर्यटकहरूका पर्मिटमा सही गरी उनीहरूलाई यता आउने अनुमति दिने अधिकार दिइएको छ। यसो गर्नाले पर्यटकहरूले सिक्किममा आउनभन्दा पहिले दार्जीलिङका डेप्यूटी कमिश्नरबाट इनर लाइन पर्मिट लिन समय र पैसा खर्च गरी दार्जीलिंग धाइरहनुपर्दैन। सिलगढ़ीको अफिसले सिक्किममा आउन चाहने पर्यटकहरूलाई सूचना तथा मार्गदर्शन प्रदान गर्दछ औ उनीहरूको व्यक्तिगत आवश्यकता अनुसार यात्राको योजना बनाउनमा सहायता पनि दिन्छ।

पर्यटन सम्बन्धी साधनको विकासमा भएको अर्को एउटा महत्वपूर्ण कुरो हो १ अप्रेल, १९८०-देखि चलाउन थालिएको पर्यटन विभागको वाणिज्य शाखाको स्थापना। यस शाखाले पर्यटकहरूको सत्कार र उनीहरूका निम्ति यातायातको प्रबन्ध गर्दछ। अझ बढ़ी कार्यकुशलता ल्याउनका निम्ति यातायातलाई सुव्यवस्थित तुल्याइएको छ। यातायात शाखासँग हालमा बीसजना यात्रीहरू बस्न सक्ने एउटा डिलुक्स कोच, दशजना बस्न सक्ने एउटा मिनिबस, लाइट कारहरू, जीप व्यागनेटहरू, एम्बासेडर गाड़ीहरू औ एउटा पिक-अप समेत १३-वटा गाड़ीहरू छन् जसले सिक्किममा भएका पर्यटन स्थलहरू वाहेक कालिम्पोङ, दार्जीलिंग र सिलगढ़ीदेखि पर्यटकहरूलाई ल्याउने-लैजाने काम गर्छन्।



गान्तोक वजारस्थित पर्यटन सूचना केन्द्र भवन।

पैदल यात्राका सुविधा बढ़ाउनका निम्ति विभागले यस वर्ष अप्रेल महीनामा भारतीय यूथ होस्टेल एसोसिएशनको सहयोगमा नाम्चीलाई बेस क्याम्प राखेर दक्षिण सिक्किममा १२-दिने पैदल यात्रा कार्यक्रमको आयोजना ग-यो। यो कार्यक्रम औधि सफल सिद्ध भयो किनभने देशभरिका २४०-जना युवाहरू औ सिक्किमका ८०-जना छात्रहरूले यसबाट उत्साहपूर्ण अनुभव प्राप्त गरे।

अग्ला-अग्ला ठाउँहरूमा पैदल यात्राको सुविधाका निम्ति विभागले चोका, जोंगरी, थाङसिङ र जेमाथाङमा पर्यटकहरूका निम्ति धेरैवटा कुटीहरू बनाइदिएको छ। जोंगरी जाने बाटाहरूको मरमत गरिएको छ औ एकपल्टमा १५-वटासम्म तम्बु टाँग्न सकिने गरी क्याम्प-स्थललाई सम्म्याइएको छ। विभागले क्याम्पिंगका निम्ति चाहिने २ लाख रुपियाँ मूल्यका चीजबीजहरू पनि झिकाएको छ। पर्यटन स्थलहरूलाई सफासँग राख्ने कामतिर पनि ध्यान दिइँदैछ। पेमायाङ्ची, सांगेछोलिङ, फोदोङ र रूम्तेक गुम्पाहरूलाई सुन्दर पार्ने औ ती गुम्पाहरूलाई सफा-सुग्घर राख्ने योजना बनाइँदैछ। रूम्तेक गुम्पामा ४४ हजार रुपियाँ खर्च गरी एउटा स्नानगृह तथा पाइखानाको निर्माण गरिएको छ। टाशी भिउ-पोइन्ट, रूम्तेक पूलको छेउछाउ र नयाँ बजारमा बन-भोज तथा मनोरञ्जन स्थलहरू औ गान्तोकमा एउटा रोलर स्केटिंग रिंगको निर्माण गर्ने काम पनि भइरहे-को छ। सरकारले पश्चिम सिक्किमको फुरछाछु तातोपानीमा ६-वटा पाइखाना निर्माण गर्ने विचार पनि गरेको छ।

पर्यटकहरूका निम्ति १ लाख ६० हजार रुपियाँ खर्च लाग्ने एउटा जलपान गृहको निर्माण शुरू गरिसकिएको छ औ यो काम पूरा हुनै लागेको छ। यसको भित्री भागलाई सिंगार्नका निम्ति हरियाणा सरकारको सल्लाह र सहयोग मागिएको छ, औ यो काम शीघ्रताका साथमा भइरहेको छ। पर्यटकहरूको संख्याको दृष्टिकोणबाट हेरियो भने विभागलाई आफ्नो परिश्रमको फल प्राप्त हुन थालि-सकेको छ। १९७६ सालमा सिक्किमको भ्रमणमा आएका विदेशी पर्यटकहरूको संख्या ३,८०० औ स्वदेशी पर्यटकहरूको संख्या ३१,६०० थियो। १९७८-सालमा ३,००० विदेशी पर्यटकहरू औ २४,००० स्वदेशी पर्यटकहरू सिक्किमको भ्रमणमा आएका थिए।

पर्यटकहरूका निम्ति बस्ने ठाउँको समस्या हल गर्नलाई विभागले गान्तोक, रम्फू, नयाँ बजार, योक्साम र सिंघीकमा धेरैवटा भवनहरू निर्माण गर्ने विचार गरेको छ। राबांगला र फोदोङमा जलपान गृह तथा स्मृतिका वस्तुहरूका दोकानहरू खोल्ने विचार पनि गरिएको छ।


# स्वास्थ्य तथा परिवार कल्याण

राज्यमा अन्य कल्याणकारी गतिविधिहरूको क्षेत्रमा भएको प्रगति अनुरूप चिकित्सा र स्वास्थ्यका सुविधाहरूमा पनि ठूलो प्रगति भएको छ।

गान्तोकमा भएको अस्पतालले केन्द्रीय रेफरल अस्पतालको काम गरिरहेको छ अर्थात अरू अस्पतालहरूमा उपचार हुन नसक्ने रोगीहरूको उपचार यस अस्पतालमा गरिन्छ। सरकारले केन्द्रीय रेफरल अस्पतालका लागि एउटा भिन्दै भवनको निर्माणका निम्ति स्वीकृति दिएको छ। वर्तमान वित्तीय वर्ष हालको टी० बी० अस्पताल इलाकामा एउटा पोस्ट-मोर्टम ब्लक, मातृ - शिशु स्वास्थ्य र नानीहरूको वार्ड निर्माण गरिने भएको छ। यसमा अन्दाजी रु० ७३,५१,३२०।– खर्च लाग्नेछ।

राज्यमा १५-वटा प्राथमिक स्वास्थ्य केन्द्रहरू छन् अौ यसले प्रत्येक २०,००० मानिसहरूका निम्ति एउटा प्राथमिक स्वास्थ्य केन्द्र स्थापित गर्ने राष्ट्रिय लक्ष्य पूरा गरेको छ। ती स्वास्थ्य केन्द्रहरूका निम्ति भवनहरू निर्माण गर्ने काममा निकै प्रगति भएको छ। पाँचवटा भवनहरूको निर्माण भइसकेको छ अौ अरू पाँचवटा भवनहरू तयार हुनै लागेका छन्। बाँकी रहेका भवनहरूको निर्माण कार्य शुरू गर्ने काम गरिएको छ।

राज्य सरकारले ४१-वटा प्राथमिक उप-स्वास्थ्य केन्द्रहरूको स्वीकृति दिएको छ, जसमध्ये ८-वटा उप-स्वास्थ्य केन्द्रहरूको निर्माणको स्वीकृति वर्तमान वित्तीय



वर्षमा दिइएको छ। एकीकृत शिशु विकास कार्यक्रम अन्तर्गत आंगनवाडी कर्मचारीहरूका निम्ति बेला-बेलामा प्रशिक्षण शिविरहरूको आयोजना गरिएको छ। हालमा देउरालीको वर्किंग विमेन्स होस्टेलमा यस्ता ६०-जना कर्मचारीहरूले तालीम लिँदैछन्। यो राज्यमा तालीम लिने आँगनवाडी कर्मचारीहरूको चौथो हूल हो। अब राज्यमा तालीम पाउने यस्ता कर्मचारीहरूको संख्या ३०० पुगेको छ।

दिउँसोको भोजन कार्यक्रम ६ वर्षदेखि ११ वर्षसम्मको उमेरका केटा-केटीहरूका निम्ति शुरू गरिएको छ। १९७८-७९ सालमा यो कार्यक्रमवाट लाभ पाउने केटाकेटीहरूको संख्या ३३,५३१ अौ १९७९-मा ३८,२४६ थियो। अब यस्ता केटाकेटीहरूको संख्या ४०,००० पुगेको छ। दिउँसोको भोजनमा धेरै जसो स्कूलहरूमा भटमासका विस्कुट दिइन्थ्यो अौ कुनै-कुनै स्कूलहरूमा वन र चानाको छोले दिइन्थ्यो। अब धेरै किसिमका भोजन दिन थालिएको छ जसमा भुटेको वदाम, चामलको खानेकुरा र गाईको उमालेको दूध छन्।

गर्भवती स्त्रीहरू, नानीका आमाहरू अौ ६ वर्षसम्मको उमेरका केटाकेटीहरूका निम्ति राखिएको विशेष पोषण कार्यक्रमवाट १९७८-७९ सालमा २०,२२० अौ १९७९-८०-मा ३१,७५१ केटाकेटीहरू अौ स्त्रीहरूलाई लाभ भएको थियो। अब त्यस्ता केटाकेटीहरू अौ स्त्रीहरूको संख्या वढ़ेर ३२,००० पुगेको छ। विभाग यही वर्ष जनवरी महीनादेखि वरावर वाल-अमूल सप्लाई गर्न सफल भएको छ। यसमा अन्नमा हुनुपर्ने गुण भटमासका विस्कुटमा हेरी तीन गुना वढ़ता हुन्छ भनिन्छ।

## श्रम विभाग

सिक्किम सरकारले राज्यमा मस्टर रोलमा काम गर्ने श्रमिकहरूको दैनिक रोज वढ़ाइदिएको छ। रोज २५ प्रतिशत वढ़ाइएको छ। यसवाट सुपर-भाइजर, वढ़ई (पहिलो, दोस्रो र तेस्रो दर्जा), राज (पहिलो, दोस्रो र तेस्रो दर्जा), रंगवाला (पहिलो, दोस्रो र तेस्रो), साधारण श्रमिकहरू (पुरूष र स्त्री), केटाहरू अौ केटीहरू, विजुलीका काम गर्नेहरू, फिटर, वेल्डर तथा डेन्टर, पाइप फिटर, मिटर रिडर, ड्राइभर इत्यादि ३२ प्रकारका काम गर्ने मानिसहरूलाई फायदा भएको छ।

आठ हजार एक फीटदेखि १२,००० फीटको उँचाइमा काम गर्ने मानिसहरूलाई तिनीहरूको सामान्य रोज वाहेक त्यसको ५० प्रतिशत थप रोज दिइएको छ अौ १२,००० फीटदेखि १६,००० फीटको उँचाइमा काम गर्नेहरूलाई तिनीहरूको सामान्य रोज वाहेक रोजको ७५ प्रतिशत थप रोज दिइएको छ।

# कानून तथा विधान विभाग

कानून तथा विधान विभागमा दुइवटा शाखाहरू छन् : विधि-कार्य शाखा र विधान कार्य शाखा। विधि-कार्य शाखाले कानूनी र संवैधानिक विषयहरू सम्बन्धी ऐन, अपील इत्यादिबारे सरकारलाई सल्लाह दिन्छ अौ अरू विभागहरूलाई कानूनी विषयहरूका बारेमा सहायता दिन्छ।

विधान कार्य शाखालाई सबै किसिमका सरकारी विधेयकहरू, अध्यादेशहरू अौ विनियमहरूका मसौदा तयार गर्न लगाइन्छ। यस शाखाले बितेको एक वर्षभित्र निम्नलिखित ऐनहरू समेत धेरैवटा मुख्य ऐनहरूका मसौदा तयार ग-यो :

(१) सिक्किम आवास तथा विकास बोर्ड ऐन, १९७९
(२) सिक्किम पञ्चायत (संशोधन) ऐन, १९७९
(३) सिक्किम कृषक संरक्षण (अस्थायी प्रावधान) संशोधन ऐन, १९७९
(४) माछापालन ऐन, १९८०
(५) सिक्किम नाप तथा तौल ऐन, १९८०
(६) गान्तोक नगर निगम (संशोधन) ऐन, १९८०
(७) सिक्किम वेतन तथा भत्ता संशोधन ऐन, १९८०
(८) पुलिस (सिक्किम संशोधन) ऐन, १९८०, तथा
(९) सिक्किम सार्वजनिक भूमि (बिना अधिकार जमीन अोगट्नेहरूलाई निकाल्ने अौ खजाना उठाउने) अध्यादेश, १९८०।

# सिक्किम विधान सभा

वर्तमान विधान सभाले ४४-अौं संशोधन विधेयकलाई अनुमोदन ग-यो अौ धेरैवटा विधेयकहरू पनि पारित ग-यो।

अक्टोबर २० तारीखदेखि नोभेम्बर ७, १९७९-सम्म भएको आफ्नो पहिलो अधिवेशनमा सदनले निम्नलिखित विधेयकहरू पारित ग-यो :

(१) सिक्किम कृषक संरक्षण (अस्थायी प्रावधान) संशोधन विधेयक संख्या ३, १९७९,

(२) सिक्किम आवास तथा विकास बोर्ड विधेयक संख्या ४, १९७९,
(३) सिक्किम पञ्चायत (संशोधन) विधेयक संख्या ५, १९७९, तथा

(४) विनियोजन विधेयक संख्या ६, १९७९।

त्यसपछि यही साल मार्च १० तारीखदेखि २६ तारीखसम्म भएको अधिवेशनमा सदनले संविधान (४४-औं संशोधन) विधेयकलाई अनुमोदन ग-यो औ निम्नलिखित विधेयकहरू पारित ग-यो :

(१) १९८०-८१-को बजेट र १९७९-८०-को अनुदानका अनुपूरक मांगहरू,
(२) सिक्किम माछापालन विधेयक संख्या १, १९८०
(३) सिक्किम नाप तथा तौल विधेयक संख्या २, १९८०,
(४) गान्तोक नगर निगम (संशोधन) विधेयक संख्या ३,
(५) सिक्किम वेतन तथा भत्ता (संशोधन) विधेयक संख्या ४,
(६) पुलिस (सिक्किम संशोधन) विधेयक संख्या ५, १९८०,
(७) सिक्किम विनियोजन विधेयक संख्या ६, १९८०, तथा
(८) सिक्किम विनियोजन विधेयक संख्या ७, १९८० ।

मार्च १९८०-को अधिवेशनमा सदनले एक वर्षका निम्ति निम्नलिखित कमिटिहरू पनि गठन ग-यो :

(१) लोक लेखा कमिटि,
(२) एस्टिमेट कमिटि,
(३) सरकारी आश्वासन कमिटि तथा
(४) नियम कमिटि

सरकारल हालमा डाक बंगला भएको ठाउँमा नयाँ विधान सभा भवन निर्माण गर्ने स्वीकृति दिएको छ ।

गृष्मकालीन अधिवेशनमा विधान सभाले निम्निलिखित विधेयकहरू पारित ग-यो :

(क) सिक्किम मनोरञ्जन कर विधेयक संख्या ८, १९८० ।
(ख) सिक्किम सार्वजनिक भूमि (बिना अधिकार जमीन ओगट्ने-हरूलाई निकाल्ने औ खजाना उठाउने) विधेयक संख्या ९, १९८० ।
(ग) सिक्किम मन्त्री, विधान सभाका अध्याक्ष, उपाध्यक्ष तथा सदस्यहरूको (वेतन तथा भत्ता) संशोधन संख्या १० तथा
(घ) सिक्किम नाप तथा तौल (संशोधन) विधेयक संख्या ११, १९८० ।

# ग्राम विकास विभाग

ग्राम विकास विभागले गाउँ-वस्तीका जनताको सामाजिक-आर्थिक अवस्था सुधार्ने उद्देश्यले विभिन्न विकास योजनाहरूलाई कार्यान्वित गर्दछ। यस विभागले कार्यान्वित गरेका मुख्य योजनाहरू यस प्रकार छन् :

१. सिँचाइ
२. ग्रामीण जल वितरण
३. गाउँ-वस्तीमा वाटा-घाटाहरूको निर्माण/सुधार
४. गाउँ-वस्तीका वाटा-घाटाहरूमा पर्ने खोलाहरूमा पुलहरूको निर्माण
५. भूमिगत पानीको खोजी
६. पञ्चायत घरहरूको निर्माण

यी कामहरू वाहेक विभागलाई निम्नलिखित निर्माण कार्यको जिम्मेवारी पनि दिइएको छ :

(क) प्राथमिक स्कूलहरू औ शिक्षा विभागका निम्ति शिक्षकहरूका क्वार्टर।

(ख) कृषि विभागका निम्ति भी० एल० डब्ल्यू०-हरूका क्वार्टरहरू तथा गोदामहरू। ग्राम विकास विभागलाई अरू विभागहरूका निर्माणका काम पनि गर्न लगाइन्छ।

सरकारले हालैमा यस विभागको नाम ग्राम विकास विभाग राखेको छ औ ग्रामीण क्षेत्रहरूको सुधारका निम्ति योजनाहरुको काम अझ राम्ररी गर्न सकियोस् भन्ने उद्देश्यले निम्नलिखित संस्थानहरू औ कार्यक्रमहरू यसका अधीनमा राखिएका छन् :

१. लघु कृषक विकास संस्था (एस० एफ० डी० ए०)
२. समाज कल्याण
३. सघन विकास कार्यक्रम
४. ए० एन० पी०
५. खादी तथा ग्राम उद्योग
६. एकीकृत ग्राम विकास
७. ट्राइसेम
८. यूनिसेफको सहायतामा महिला कार्यक्रम

गाउँ-वस्तीमा शीघ्राति शीघ्र पविरर्तन ल्याउने कुरोको महत्व वढ्दै गइरहेको हुनाले सरकरले अन्तर्राष्ट्रिय नीति अनुरूप ग्राम विकास योजनाहरूलाई समुचित महत्व दिएको छ औ त्यस्ता योजनाहरू राज्यभरि ठूलो परिमाणमा कार्यान्वित भइरहेका छन् ।

अन्न र नगद आम्दानी दिने अरू वालीहरूको खेतीका निम्ति सधैं पानी उपलब्ध गराउनलाई सिँचाइ अति आवश्यक हुनाले ठूलो किसिमको लघु सिँचाइ र सानो लघु सिचाइलाई एकै साथ मिलाएर ग्राम विकास विभागको अधीनमा राखिएको छ । यो निर्णय विशेष गरी राज्यभरि सिँचाइ योजनाहरुको काम चाँड़ोसँग गर्न सकियोस् भन्ने उद्देश्यले गरिएको हो । अक्टोवर १९७९-देखि यसो लघु सिँचाइका २१-वटा कुलोहरूलाई नयाँ पारिएको छ औ १३,७२,२१५।– रुपियाँको खर्चमा नौवटा लघु सिँचाइका कुलोहरू निर्माण गरिएका छन् ।

विभिन्न प्रकारका पूलहरू, गाउँ-वस्तीका वाटाहरू, खाने पानी वितरण योजनाहरू, प्राथमिक स्कूल भवनहरू, भी० एल० डब्ल्यू० क्वार्टरहरूको निर्माण कार्य पनि धमाधम चलिरहेको छ । झण्डै ३४,५०,००० रुपियाँ खर्च गरी ६३ वटा पूलहरूको निर्माण औ १८-वटा पूलहरूको मरमत गरियो ।

अन्तर्राष्ट्रिय पेय जल व्यवस्था तथा सफाइ दशक (१९८०-९०)-भित्र सिक्किमका जम्मै गाउँहरूमा सुरक्षित खाने पानीको व्यवस्था गरिने भएको छ । सिक्किमका क्षेत्र-क्षेत्रका रिपोर्टहरू तयार गरी सम्वन्धित अधीकृतहरूकहाँ पठाइसकिएका छन् ।

दशक योजना अनुसार विभागले छैटौं योजना काल (१९८०-८५)-मा गाउँ-वस्तीमा खाने पानीको व्यवस्था गर्ने काममा विशेष जोड़ दिइएको छ । छैटौं योजना यही दशक योजना (१९८०-९०) वमोजिम तयार गरिएको छ ।

एकतालीसवटा पञ्चायत घरहरू तयार भइसकेका छन् औ चालू वर्षभित्र अरू ११-वटा पञ्चायत घरहरू निर्माण गरिने भएका छन् ।

# खड़ेरी सहायता योजना

सिक्किमका खेतीवालहरूमाथि १९७९ सालमा धेरै दिनसम्म परेको खरेड़ीको ठूलो असर प-यो। सरकारले खड़ेरीग्रस्त खेतीवालहरूलाई सहायता दिने काम तुरन्तै शुरू ग-यो औ अन्दाजी रु० २० लाख खर्च लाग्ने खड़ेरी सहायता योजना-हरूलाई स्वीकृति दियो।

खरेड़ीग्रस्त परिवारहरूलाई ती योजनाहरू अन्तर्गत गराहान्ने, मल खाड़लहरू खन्ने, जल संरक्षण, आलु र मकैको खेती गर्ने तरीकाको प्रदर्शन र बिउहरू वितरण गर्ने काममा लगाइयो। जिल्ला कृषि अधिकारीहरूबाट पाइएका खबरहरू अनुसार जिल्लाहरूमा खर्च यस प्रकारले वितरण गरियो :

| | | | लाभ प्राप्त गर्ने-हरूको संख्या |
|---|---|---|---|
| १. दक्षिण | — | रु० ७,८५,६००.०० | ३२३६ |
| २. पश्चिम | — | रु० ६,५९,३२२.५० | २८८१ |
| ३. पूर्व | — | रु० ३,४३,४३१.०० | १९३१ |
| ४. उत्तर | — | रु० १,३४,१८६.०० | ५७६ |
| | जम्मा | रू० १९,२२,५४९.०० | ८६२४ |

लाभ प्राप्त गर्ने मानिसहरूका नाम र ठेगाना "सिक्किम हेराल्ड"-मा प्रकाशित हुँदैछन्।

# धर्म सम्बन्धी विभाग

धर्म सम्बन्धी विभागले सिक्किमका धार्मिक संस्थानहरूको रक्षा र हेरचाह गर्दछ। वर्तमान कागत-पत्रहरू अनुसार, सिक्किममा ७६-वटा गुम्पाहरू, ८२-वटा मानेल्हाखाङहरू, ५०-वटा मन्दिरहरू, ७-वटा गिर्जाहरू औ एउटा मस्जिद छन्। तर यी बाहेक धेरैवटा ससाना धार्मिक संस्थान् औ १००-भन्दा बढ़ता नयाँ संस्थान्हरू छन् जसको विवरण सरकारी कागत-पत्रमा दर्ता गर्न बाँकी नै छ।

वितेको एक वर्षभित्र निम्नलिखित ऐतिहासिक महत्व भएका गुम्पाहरूको पुननिर्माण शुरू गरियो :

(क) दक्षिणमा रालोङ गुम्पा
(ख) दक्षिणमा नाम्ची ङाडाक गुम्पा
(ग) पश्चिममा पेमायाङ्ची गुम्पाको याब्रिङ
(घ) दक्षिणमा शारचोक बेफुक गुम्पा
(ङ) उत्तरमा थोङमोची गुम्पा
यस कार्यमा जम्मा रू० ५,१२,०००/– खर्च लाग्यो।

निम्नलिखित गुम्पाहरु, मन्दिरहरू इत्यादिको मरमत र पुनरूद्धारका निम्ति आर्थिक सहायता दिइयो।

१. ७–वटा गुम्पाहरू
२. ५–वटा मानेल्हाखाङ र चामखाङहरू
३. ५–वटा मन्दिरहरू
४. एउटा गिर्जा
यस कार्यमा जम्मा रू० १,२०,०००/– खर्च भयो।

गान्तोकमा देवरालीस्थित डुडुल छोर्तेन वरिपरि ताँबाका १०८-वटा माने ल्हाखोरहरू राखिएका छन् औ टाशीडिङ र युकसामका मुख्य छोर्तेनहरूमा चुना लाउने काम गरियो।

# संस्कृति विभाग

वर्तमान सरकार सत्तामा आएपछि यसो संस्कृति विभागले कला र संस्कृतिको सम्वर्द्धन, राज्य संग्रहालयको निर्माण, प्राचीन स्मारकहरूको संरक्षण औ जिल्ला पुस्तकालयहरूलाई दृढ़ पार्ने काम गरेको छ।

## कला र संस्कृतिको सम्वर्द्धन

अन्तर-राज्यीय सांस्कृतिक दलहरूको आदान-प्रदानका निम्ति केन्द्र सरकारको एक कार्यक्रम अन्तर्गत राजस्थानको एउटा सांस्कृतिक दलले दिसम्वर १९७९ र जनवरी १९८०-मा सिक्किम आएर गान्तोक र गेजिङमा सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरचो। यसै गरी सिक्किमको एक २६-सदस्यीय दलले मार्च १९८०-मा पश्चिम बंगालमा गएर हाउड़ा र कलकत्तामा एक-एकवटा सांस्कृतिक कार्यक्रम पेश ग-चो। त्यस वाहेक, सिक्किमका मुख्य मन्त्रीको निम्तोमा नयाँ दिल्लीवाट मणिपुर ललित कला केन्द्रको २०–सदस्यीय दलले हाम्रो राज्यमा आएर यहाँका जनसाधारणका निम्ति सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत ग-चो। जनवरी १९८०-मा पनि एउटा २५-सदस्यीय सांस्कृतिक दललाई गणतन्त्र दिवसमा भाग लिन नयाँ दिल्ली पठाइयो। गणतन्त्र दिवसमा भाग लिएपछि हरियाणा सरकारको निम्तोमा यो दल हरियाणातिर प्रस्थान ग-चो। दर्शकवर्गले जुन उत्साहपूर्ण प्रतिक्रिया देखाएका छन् त्यसवाट विचार गर्दा यसरी सांस्कृतिक दलहरू आदान-प्रदान गर्नाल सिक्किम र अरू राज्यहरूका जनता माझ मैत्री वढ़ाउनमा सघाउ पुग्नेछ भन्ने हामीलाई लाग्दछ। सिक्किमका जन-जातिहरूको प्रतिनिधित्व गर्नका निम्ति गणतन्त्र दिवसको उपलक्ष्यमा जन-जातिको एउटा ५-सदस्यीय दलले पनि दिल्लीमा सिक्किमका जन–जातिहरूको प्रतिनिधित्व गरचो।

सिक्किम रिसर्च इन्स्टिटच्यूट अफ् टिबेटोलजीलाई १९७९-८० सालका निम्ति वार्षिक अनुदान-सहायतास्वरूप रु० १,००,०००।– को स्वीकृति दिइएको छ। राज्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न राजधानीमा आउने अन्य राज्यहरूका सांस्कृतिक दलहरू औ गाउँ-वस्तीवाट आउने कलाकारहरूलाई राख्नका निम्ति कम्यूनिटी हलको छेउमा एउटा दुइ-तले होस्टेल भवनको निर्माण गर्ने अनुमति दिइएको छ। यसको निर्माण कार्य सिक्किम लोक निर्माण विभागले शुरू गर्नेछ। यो होस्टेल तयार नभइञ्जेलसम्म विभागको गीत तथा नाटक यूनिटको अफिसका निम्ति कम्यूनिटी हलको छेउमा एउटा विल्डिङ भाड़ामा लिइएको छ। सिक्किम राज्य कला तथा साहित्य अकादमी स्थापना गर्ने प्रस्ताव छ। अकादमी स्थापित भएको खण्डमा सिक्किमको सांस्कृतिक गतिविधिको सम्वर्द्धनको इतिहासमा यो एउटा महत्वपूर्ण घटना हुनेछ। यो प्रस्ताव राज्य सरकारको विचाराधीन छ।

## पुरातत्व विज्ञान

पुरातत्वविज्ञानको सम्वर्द्धनलाई पनि विभागका गतिविधिहरूको सूचीमा मुख्य स्थान दिइएको छ। जाँच कमिटिको सिफारिश अनुसार ऐतिहासिक छोर्तेन, पश्चिम सिक्किममा खेचोपेरी छेवैको भेयुल छोर्तेन वा नेपालको स्तुपलाई प्राचीन स्मारकहरूको संरक्षणको अधीनमा राखिएको छ। रु० ४७,१६०।– को खर्चमा छोर्तेन र त्यसका वरिपरिका इलाकाहरू सफा गर्ने काम पूरा भएको छ। पश्चिम सिक्किममा खेचोपेरी तालको पवित्रतालाई सुरक्षित राख्ने उद्देश्यले औ त्यहाँ जानवरहरू पस्न नसकून् भनी त्यसका वरिपरि काँढे तारले वार्नका निम्ति मार्च १९८०-मा रु० ३,२०,२६२।– को स्वीकृति दिइयो। पश्चिम सिक्किममा राब्देन्ची-को पुरानो दरवारको भग्नावशेषको सुरक्षाका निम्ति त्यहाँको औ त्यसका वरि-परिको जंगल फाँड़ेर सफा गरिएको छ।

पश्चिम सिक्किममा पुरानो दरवारको भग्नावशेष र भेयुल छोर्तेनको सफाइको काम, यस कामका निम्ति गठन गरिएको जाँच कमिटिको सिफारिशमा भारतीय पुरातत्व सर्वेक्षणको कार्य-प्रणाली अनुसार, विभागले नै ग-यो। भारत सरकारले १९७२ सालको (१९७२-को ५२) प्राचीन वस्तु तथा कलात्मक वस्तु ऐन १५ अप्रेल, १९८० - देखि सिक्किम राज्यमा लागू गराएको छ, औ भारत सरकारले यस ऐन अन्तर्गत अभिलेखागार उप-निर्देशकलाई पञ्जीकरण अधिकारी नियुक्त गरी राजपत्रमा एउटा अधिसूचना जारी गरेको छ।

## संग्रहालय

प्रस्तावित राज्य संग्रहालयको स्थापना र गठन गर्न वाँकी नै छ। प्राचीन वस्तु कमिटिको सिफारिशमा संग्रहालयमा राख्नका निम्ति रु० ६,३६०।– मूल्यका ऐतिहासिक, परम्परा सम्वन्धी तथा धार्मिक महत्व भएका प्राचीन वस्तुहरू किनिएका छन्। गान्तोकमा कवि भानुभक्तको एउटा मानव आकारको मूर्ति स्थापना गर्नका निम्ति पहिले रु० २०,०००।– अनुदान दिइएको थियो, त्यस बाहेक, सरकारले भानु शालिग समितिलाई रु० १,००,६६६।– दिने स्वीकृति पनि दियो।

## पुस्तकालय

कम्यूनिटी हलको पुस्तकालयमा थप पुस्तकहरू किन्नका निम्ति फरवरी, १९८०-मा रु० १०,०००।–को स्वीकृति दिइयो। गान्तोकमा अभिलेखागार, मंग्रहालय र पुस्तकालयका निम्ति एउटा भवन औ पश्चिम सिक्किममा गेजिङ र उत्तर सिक्किममा मंगनमा जिल्ला पुस्तकालय भवनहरूको निर्माण सम्वन्धी विषय सरकारको विचाराधीन छ।

## गेजेटीयर

धेरजना विद्वानहरूलाई राज्य गेजेटीयरका खण्ड र अध्यायहरू फेरि लेखिदिन अनुरोध गरिएको छ । गेजेटीयरका विभिन्न पक्षहरूको संकलन नयाँ दिल्लीमा केन्द्रीय सरकारको गेजेटीयर यूनिटका सम्पादकको निर्देशनमा यही सालको अन्तसम्ममा तयार हुने आशा राखिएको छ ।

## राज्य अभिलेखागार

भारतीय ऐतिहासिक अभिलेख आयोगका प्रस्तावहरू बमोजिम, औ भारत सरकारको नीति अनुसार, सिक्किममा राज्य अभिलेखागार स्थापित भएको छ औ अभिलेखागारका उप-निदेशकको देखरेख र मार्गदर्शनमा आधुनिक वैज्ञानिक तरीकामा यसको गठन भइरहेको छ । विभागको अभिलेखागार शाखाले गृह, राजस्व, वित्त, मोटर भिहिकल, शिक्षा, सिक्किम राष्ट्रियकृत परिवहन, हाई कोर्ट, धर्म सम्बन्धी, संस्थापना, आय-कर औ स्थानीय स्वशासन विभागहरूमा सुरक्षित राखिएका कागत-पत्रहरूको निरीक्षण ग-यो । सम्बन्धित विभागका अध्यक्षहरू औ अधिकारीहरूसित जम्मै समस्याहरूका बारेमा छलफल गरी कागत-पत्रहरू राख्ने वैज्ञानिक तरीका, कागत-पत्रहरूको वर्गीकरण, अभिलेखलाई सुरक्षित राख्ने तरीका इत्यादि बताइयो । गृह, राजस्व, वित्त, पुलिस र आय-कर विभागहरूका कागत-पत्रहरू वैज्ञानिक तरीका अनुसार राख्ने काम, तिनीहरूको वर्गीकरण, लेबल लाउने र सूची तयार गर्ने काम गरियो । निर्दिष्ट विवरण र आवश्यकता अनुसार एउटा अभिलेखागार भवनको निर्माण सम्बन्धी विषय राज्य सरकारको विचराधीन छ । हालका निम्ति एउटा घर भाड़ामा लिएर उपयोग गरिंदैछ । अभिलेख सम्वन्धी वृत्त चित्रहरू झिकाउने काम गरियो । सिक्किम सरकारका विभिन्न विभागहरूबाट प्रकाशित पत्र-पत्रिका, पुस्तक-पुस्तिका र रिपोर्टहरू तथा पश्चिम बंगालको गेजेट प्राप्त गर्ने काम गरिएको छ । धेरैवटा पत्र-पत्रिकाहरू प्राप्त भइसकेका छन् । सिक्किम राज्य अभिलेखागारले भारतीय ऐतिहासिक अभिलेख आयोग र राष्ट्रिय अभिलेखविद कमिटिका प्रस्तावहरू स्वीकार गरेको छ । आई० ए० एस०-को प्रशिक्षण पाठ्यक्रममा अभिलेख व्यवस्था प्रणाली तथा अभिलेख सम्बन्धी अन्य विषयहरू सामेल गराइयोस् भनी भारत सरकारको मसुरीस्थित राष्ट्रिय प्रशासन अकादमीका निदेशकलाई अनुरोध गरिएको छ ।

सिक्किम राज्य अभिलेखागारको नाम ऐतिहासिक अध्ययन संस्थान, कलकत्ताको संस्थागत सदस्यको रूपमा दर्ता भएको छ ।

# बन विभाग

विभागले हालैमा १००० ऐकर जमीनमा छिट्टै बढ्ने किसिमका रूखका बिरूवाहरू लगाएको छ । नष्ट पारिने सम्भावना भएका ठाउँहरूको रक्षाका निम्ति १० किलोमिटरसम्म बार लागएर नियमित रूपले हेरचाह गरिंदैछ । जम्मै क्षेत्रहरूमा फाँड्ने, घाँस आदि गोड्ने काम गरियो । बितेका तीन महीनाभित्र ५०० ऐकर जमीनमा कागज बनाउनमा उपयोग गरिने रूखका बिरूवा औ १०० ऐकरमा कोइला दाउराका निम्ति उपयोग गरिने रूखका बिरूवाहरू लगाइए । विभागको आवश्यकता पूरा गर्नका निम्ति टेरिटोरियल सर्कलले स्थानीय बिरूवा-बारीहरूबाट १८ लाख बिरूवाहरू उत्पादन ग-यो । हालैमा अरू १० ऐकर जमीनमा नयाँ बिरूवा बारी लगाइएको छ ।

नष्ट भएका जंगलहरूमा फेरि जंगल लगाउने योजना अन्तर्गत ३०० ऐकर जमीनमा रूखका बिरूवाहरू लगाइएका छन् । चालू वित्तीय वर्षभित्र जम्मा ४० ऐकर जमीनमा नयाँ बिरूवा बारीहरू लगाउने प्रस्ताव छ । यसका निम्ति आवश्यक कारवाइ गरिंदैछ ।

सिक्किमका धेरै ठाउँमा छिप्पिसकेका, सुकेका र सुक्दै गइरहेका रूख-हरू भएका विशुद्ध जंगलहरू छन् । ती जंगलहरूलाई त्यसै छोड़िदिइयो भने तिनीहरू कुहेर, सढ़ेर नष्ट हुनेछन् किनभने रूखहरूले पुनरूत्पादनको अवस्था नाघिसकेका हुनाले नष्ट भएर गएका रूखहरूका ठाउँमा रूखका बिरूवाहरू उम्रँदैनन् । त्यस्ता रूखहरूलाई ढालेर काठ र दाउरा-कोइलाका निम्ति छिटो बढ्ने औ थोरै खर्च लाग्ने किसिमका रूखका बिरूवाहरू लगाउन आवश्यक छ । यसकारण विभागले गान्चुङ रिजर्भ फोरेस्टमा छिप्पिसकेका जंगलहरूको उपयोग गर्दैछ । काठ-पात निकाल्नमा खर्च कम लागोस् भन्ने उद्देश्यले तिमीतार्कु-नाम्ची रोडमा पुग्ने २ किलो-मिटर ट्रक हिंड्ने सक्ने सड़कको निर्माण गरिएको छ । त्यसो गर्दाहुँदि बितेका तीन महीनामा यूटिलिजेशन सर्कलले ३६,००० मन दाउरा, २४,००० बोरा कोइला र १०,००० घन फीट काठ प्राप्त ग-यो ।

जंगली जीव-जन्तु

कञ्चनजंघा राष्ट्रिय उदयानमा सधैंझैं अपरेशन ट्र्याप डिमोलिशन अर्थात पासोहरू भत्काउने काम शुरू गरियो । सेप्टेम्बर महीनामा एकजना वन्य जीवन अधिकारीको नेतृत्वमा विभिन्न दलहरूले कञ्चनजंघा राष्ट्रिय उदयानमा प्रवेश गरे । पश्चिम क्षेत्रका अगुवाले नेपाल सिमाना पार गरी कञ्चनजंघा राष्ट्रिय उदयानमा लुकी-चोरी शिकार खेल्न आएका तीनजना कुख्यात शिकारीहरूलाई पक्रे ।



चित्रमा मुख्य मन्त्रीले वन-महोत्सवको अवसरमा एउटा बिरुवा रोप्नुभएको देखिन्छ ।

## माछापालन

मेनमोइछु सड़कको सुधार र त्यस सड़कमा पूलको निर्माण र रक्षात्मक कार्य शुरू गरियो। ट्राउट माछापालन कार्यक्रममा अप्रेल १६८०-सम्ममा फुस्रो ट्राउटका ३ लाख अण्डा उत्पादन गरी उत्तरमा वाक्चाछु, लाचेनछु, पूर्वमा रोङ्छु र पश्चिममा कालेछुमा पालियो।

पश्चिम सिक्किममा ट्राउट माछापालनको प्रचारका निम्ति मानेपोङ्मा १३ लाख अण्डा काढ्ने क्षमता भएको एउटा माछापालन केन्द्र स्थापित गरिएको छ।

कार्प र क्याट माछापालन कार्यक्रम अन्तर्गत, सोरेङ फार्मका पोखरी-हरूलाई बढाइयो औ प्राकृतिक पोखरीहरूमा पाल्नका निम्ति वा फार्महरूमा पालेर राज्यमा माछा पाल्नेहरूलाई बिक्री गर्नका निम्ति २ लाख सामान्य कार्प माछाका बच्चाहरू झिकाइएका छन्।

माछापालन शुरू गर्नका निम्ति ३७-जना खेतीवालहरूलाई ऋण दिइएको छ।

## भू-संरक्षण

यस अवधिभित्र २,००० ऐकर जमीनमा रूखका बिरुवाहरू लगाइए औ बितेका तीन महीनाभित्र भू-संरक्षण सर्कलले यसका निम्ति छिटो बढ्ने सिकिमका १५ लाख बिरूवाहरू तयार ग-यो। पैह्रो जाने डर भएका विभिन्न क्षेत्रहरूमा रक्षात्मक कार्य शुरू गरियो औ यस वर्षा ऋतुमा पैह्रो गएका जम्मै ठाउँहरूमा जम्मा १५,००० घन मिटर रक्षात्मक कार्य गरियो। यस्ता कामहरू सम्बन्धित क्षेत्रका विधायकहरूको सिफारिशमा पञ्चायतहरूद्वारा मनोनीत व्यक्तिहरूलाई गर्न लगाइयो।

# सरकारी कर्मचारीहरुको महंगी भत्तामा वृद्धि

सरकारले सरकारी कर्मचारीहरू जो प्रशासनका मुख्य आधार हुन् औ जसले जनताको उत्थानको उद्देश्य भएका विभिन्न विकास परियोजनाहरूको कार्यान्वयनमा मुख्य भूमिका लिन्छन्, तिनीहरू समेत सबै वर्गका जनताको कल्याण हुने कामलाई बढ़ाएर लैजाने उद्देश्य राख्दछ। जीवन यापनको खर्च बढ्न जाँदा पर्न गएको असरलाई कम गराउने उद्देश्यले सरकारले आफ्ना विभिन्न वर्गका कर्मचारी-हरूलाई महंगी भत्ताका पाँच किस्ती दिएको छ।

यो महंगी भत्ता केन्द्रीय सरकारको महंगी भत्ताको आधारमा पहिलोचोटि वढाइएको छ। महंगी भत्ताका यी किस्तीहरू (१) दिसम्वर १९७८-देखि, (२) १ अगस्ट, १९७९-देखि, (३) १ नोभेम्वर, १९७९-देखि, (४) १ फरवरी, १९८०-देखि औ १ मई, १९८०-देखि दिइएका छन्। तलबको २.१/२ प्रतिशतको पहिलो किस्ती जो थोरैमा रू० १५.०० थियो, मूल तलव महीनावरी रू० ९००.००-सम्म पाउने कर्मचारीहरूका निम्ति मात्र मञ्जूर गरिएको थियो। अब पाँचौं किस्ती समेत महीनावारी महंगी भत्ता थोरैमा रू० ४७.०० औ धेरैमा रू० ११२.५० पुगेको छ। महीनावारी रू० १६४५.०० औ त्यसभन्दा वढ़ता तलव पाउने कर्मचारीहरूले महंगी भत्ता महीनावारी रू० ६७.५० मात्र पाउनेछन्।

# स्थानीय स्वशासन तथा आवास विभाग

नयाँ सरकारले आफ्नो प्रशासनका २०० दिनको अवधिमा स्वीकृति दिएका वा कार्यान्वित गरेका योजनाहरू वाहेक सहरहरूको हेरचाह र नागरिक सुविधाहरूमा सुधार ल्याउनका निम्ति निम्नलिखित योजनाहरूलाई स्वीकृति दिएको छ :

| | | |
|---|---|---|
| १. | पश्चिम सिक्किमको रेशी वजारमा रक्षात्मक कार्यको प्रवन्ध | रू० १,३०,५००.०० |
| २. | पश्चिम सिक्किमको दरम्दिन वजारमा हाट लाग्ने ठाउँलाई सम्म्याउने औ सुधार्ने प्रवन्ध | रू० ४५,०००.०० |
| ३. | पश्चिम सिक्किम दरम्दिनमा जनसाधारणका निम्ति पाइखानाको निर्माण | रू० ३०,६००.०० |
| ४. | पूर्व सिक्किम रोड़ाथाङमा जनसाधारणका निम्ति पाइखानाको निर्माण | रू० २९,६५०.०० |
| ५. | पूर्व सिक्किम रिनाकमा जनसाधारणका निम्ति पाइखानाको निर्माण | रू० २९,०००.०० |
| ६. | पश्चिम सिक्किम देन्ताममा जनसधारणका निम्ति पाइखानाको निर्माण | रू० २९,५००.०० |
| ७. | रम्फू, रंगेली, मल्ली र सोरेङमा मासु दोकान-हरूको निर्माण | रू० ९८,२४०.०० |
| ८. | पाक्योङ बजारमा रक्षात्मक कार्यको प्रवन्ध | रू० ७२,५४०.०० |
| ९. | पूर्व सिक्किम रानीपूल बजारमा झोड़ा बाँध्ने काम | रू० १८,५५०.०० |
| १०. | पश्चिम सिक्किम सोमवारे वजारमा पानी वगेर जाने नालीको प्रवन्ध | रू० ३,५००.०० |
| ११. | पूर्व सिक्किम सिंगताम बजारमा जनसाधारणका निम्ति पाइखानाको निर्माण | रू० ३१,१९०.०० |
| १२. | पश्चिम सिक्किम बर्मेक बजारमा जनसाधारणका निम्ति पाइखानाको निर्माण | रू० ४२,५००.०० |
| १३. | पश्चिम सिक्किम लेगशिप बजारमा जनसाधारणका निम्ति पाइखानाको निर्माण | रू० ४४,१००.०० |

## सिक्किम मनोरञ्जन कर ऐन, १९८०

राज्यमा मनोरञ्जन कर सम्वन्धी कुनै कानूनी प्रणाली बिना नै सिनेमाहरूमा धेरै अघिदेखि फिल्महरू देखाइँदैछन्। मनोरञ्जन कर कानून अनुसार लिनका निम्ति नयाँ सरकारले हालैमा सिक्किम मनोरञ्जन कर ऐन, १९८० पारित गरेको छ औ यो ऐन राजपत्रमा प्रकाशित भएको तारीखदेखि लागू हुनेछ।

# गान्तोक नगर निगम

परिषद सरकार प्रशासनको पहिलो वर्षभित्र गान्तोक नगर निगमले प्राप्त गरेका उपलब्धिहरूको संक्षिप्त विवरण यस प्रकार छ :

१. गान्तोक नगर निगम इलाका वरिपरि सिमाना खुटीहरू लगाइएका छन् ।
२. मैला-कुचैलाहरू फ्याँक्न सजिलो होस् भनी क्यारियर सहित एउटा एस्कोर्ट ट्याक्टर र मैला हाल्ने ६-वटा ढ्वांगहरू किनिएका छन् ।
३. सफाइ कर्मचारीहरूका निम्ति ८ यूनिटको एउटा क्वार्टर निर्माण गरिएको छ ।
४. वन्द भएका नालीहरू सफा गर्नका निम्ति एउटा पम्प झिकाइएको छ ।
५. ताथाङ्चेन, चान्दमारी अनि स्लटर हाउसको छेउमा जनसाधारणको सुविधाका निम्ति अरू पाइखानाहरूको निर्माण गरिएको छ ।
६. आरीथाङ पुग्ने सड़कको एक भाग, चेन ११-देखि २२-सम्म निर्माण गरिएको छ ।
७. गाड़ीहरूको आउजाउमा सुविधा होस् भनी काजी रोड, टिबेट रोड र डिभेलप्मेन्ट एरिया रोडलाई फराकिलो पार्ने र सुधार्ने काम शुरू गरिएको छ ।

गान्तोक नगर निगम इलाकाभित्र विभिन्न ठाउँहरूमा मानिसहरूको आउजाउका निम्ति वाटाहरूको निर्माण पनि गरिएको छ ।

८. वर्खामा परेको पानी र फोहोर पानी बग्न सजिलो होस् भनी बजारको एक भागमा नाली वनाइएको छ अनि त्यसमा कंक्रिटको ढकनी लगाइएको छ ।
९. तादुङ, देवराली, पाल्जर स्टेडियम मन्तिर, अस्पतालको छेउमा, स्टेट गेस्ट-मा झोड़ा बाँध्ने काम पनि भएको छ ।

नगर निगम इलाकाभित्रका अरू नालीहरू बाहेक गर्ल्स स्कूल पछाड़िको झोड़ामा कंक्रिट लगाउने काम पनि शुरू गरिएको छ ।

Sub. National Systems Unit,
...Educational
...Marg, New Delhi-110016
..........................
..........................

# अनुसूचित जातिहरू तथा जनजातिहरूको कल्याण

अनुसूचित जन-जातिका मानिसहरूलाई अनुदान र सहायता दिनका निम्ति एउटा योजना तयार गरिएको छ । सहायता दिन योग्यको प्रत्येक परिवार-लाई निम्नलिखित कुनै कामका निम्ति नगद रु० २,०००।- स्वीकृत गरिएको छ :

(क) वस्ने घर बनाउन श्रौ मरमत गर्न,
(ख) एक हल गोरू किन्न,
(ग) खेती गर्ने जमीनलाई सुधार्न (वार-बेर गर्न श्रौ गरा हान्न),
(घ) कारीगरहरू (गलैंचा बुन्ने, काठमा कुँदाइ गर्ने, डोको श्रादि बुन्ने, मखुण्डा वनाउनेहरू)-लाई श्रनुदान ।

यसका निम्ति १९७९-८०- सालमा रू० २ लाख राखिएको थियो, यस वर्ष रु० ४ लाख राखिएको छ । यो सहायता वार्षिक श्राम्दानी रु० ६,०००-भन्दा कम हुने परिवारहरूलाई मात्र दिइन्छ ।

सरकारले १९८०-८१ सालमा प्रवेशिकापछिको श्रध्ययनका निम्ति श्रनुसूचित जन-जातिका ५१-जना श्रौ श्रनुसूचित जातिका १०-जना छात्रहरूलाई खानमा लाग्ने खर्चका निम्ति महीनावारी रु० ७०।–, लुगाफाटाका निम्ति वार्षिक रु० १००।– श्रौ किताबहरू किन्नका निम्ति वार्षिक रु० ५०/-को दरले छात्रवृत्ति दिएको छ ।



सिक्किम विधान सभाका अध्यक्ष श्री सोनाम छिरिङले यही साल
जुलाई महीनामा रम्फूमा कंक्रिट ह्यूम पाइप कारखानाको
उद्घाटन गर्नुभयो। चित्रमा उद्घाटन समारोहको
एक दृश्य देखिको छ।

NIEPA DC
D00467

Sub. National Systems Unit,
National Institute of Educational
Planning and Aministration
17-B,SriAurbindo Marg,NewDelhi-110016
DOC. No....D-467..........
Date....................10/11/82

सूचना जन सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकार
मुद्रणालयमा मुद्रित ।